# बालदिवसमा विभिन्न कार्यक्रम सम्पन्न

● प्रवाह संवाददाता/चौतारा

अन्तराष्ट्रिय वाल दिवसको अवसरमा विभिन्न कार्यक्रम सम्पन्न
अन्तराष्ट्रिय बाल दिवसको अवसरमा ठोकर्पा गाउँ विकास समितिमा गठन भएको गाविस स्तरीय बाल क्लब र युवा क्लब(निगरानी) समुहको आयोजनामा विभिन्न कार्यक्रमहरू सम्पन्न भएको छ ।

महिला माथी हुने सबै खाले हिंसा,मानवबेचबिखन,यौनजन्य हिंसा लगायतका घटनाहरूलाई बालबालिका र युवाहरूको माध्यमबाट न्युनिकरण गर्ने उदेश्यले केही महिना अघि कालिका र ठोकर्पा गाविसमा क्लब गठन गरिएको थियो । मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल(इह्रिकन) र जुरी नेपालको समन्वयमा क्लब गठन भएपछि विभिन्न रचान्तमक क्रियाकलपहरू भइरहेका छन् ।



ठोकर्पामा आयोजित कार्यक्रममा चेतनामूलक नाटक प्रस्तुत गर्दै विद्यार्थीहरू

अन्तराष्ट्रिय बाल दिवसको अवसरमा वाघ भैरव माविमा भएको कार्यक्रममा न्यायमा पहुँच परियोजना सञ्चालन भइरहेको कालिका र ठोकर्पा गाविसका सबै विद्यालयका विद्यार्थीहरूको सहभागीता रहेको थियो । यौनजन्य हिंसा र घरेलु हिंसाको विषयमा माध्यमिक विद्यालय स्तरीय चेतनामुलक नाटक, बालश्रम शोषण र बेचबिखनमा विद्यार्थीको भुमिका विषयमा निमावि स्तरीय निबन्ध प्रतियोगीता र यस्तै विषयमा प्रावि स्तरीय चेतनामुलक लोकगित प्रतियोगिता सम्पन्न भएको थियो ।

मावि स्तरी नाटक प्रतियोगितामा वाघभैरव मावि प्रथम भएको थियो भने,जनजागृति मावि कालिका दोस्रो र महेन्द्रकान्ति मावि कालिका तेस्रो भएका थिए । त्यस्तै निबन्ध तर्फ ठोकर्पा माविकी प्रविना कार्की प्रथम,महेन्द्रकान्ति माविकी रस्मिला खडका दोस्रो भएका थिए । चेतनामुलक लोगगित प्रतियोगितामा कालिदेवी आधारभुत विद्यालय ठोकर्पा प्रथम भएको थियो भने रत्तकालि आधरभुत विद्यालय दोस्रो भएको थियो ।

ठोकर्पा युवा क्लबका अध्यक्ष राधा न्यौपानेको सभापतित्वमा भएको कार्यक्रममा ठोकर्पा गाविसका अध्यक्ष ठाकुरनाथ आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रममा नाटक तर्फ प्रथम हुने टिमलाई नगद १५००,द्धितीय हुने टिमलाई १००० ,तृतिय हुने टिमले ५०० र र सान्तवना हुने टिमले नगद ३ सय पुरस्कार समेत पाएका थिए ।

कार्यक्रममा न्यायमा पहुँच परियोजनाका जिल्ला संयोजक दिनेश थापाको संयोजनमा टुकी संघ र कारितास नेपालले पनि सहयोग गरेको थियो । टुकी संघले स्टेशनरी पुरस्कारको व्यवस्था गरेको थियो भने कारितासले सबै विद्यार्थीहरूलाई विस्कुट उपलब्ध गराएको थियो ।

कार्यक्रममा सञ्चारिका समुहका जिल्ला प्रतिनिधि विदुर आचार्य,न्यायमा पहुँच परियोजनाका जिल्ला संयोजक दिनेश थापा,टुकी संघ सुनकोश ,कारितास नेपालका स्थानीय प्रतिनिधि,विद्यालयका प्रधानध्यापक विष्णुप्रसाद न्यौपाने,गाविस अध्यक्ष ठाकुरप्रसाद आचार्य लगायतले उत्कृष्टहरूलाई प्रमाण-पत्र र पुरस्कार वितरण गरेका थिए ।

यसै बिच अन्तराष्ट्रिय बालदिवसको अवसरमा जिल्लास्तरमा पनि विविध कार्यक्रम सम्पन्न भएको छ । महिला विकास कार्यालय,जिल्ला वालकल्याण समिति को आयोजना र विभिन्न संघ संस्थाको आयोजनामा कार्यक्रम सम्पन्न भएका थिए । वालदिवसको अवरमा आयोजना गरिएको निबन्ध प्रतियोगीतामा ठूलोथकनी माविका रोहित तामाङ प्रथम, कृष्ण रत्नगंगा माविकी सानी गिरी द्धितीय र सरस्वती मावि भोटेचौरका अर्जुनप्रसाद चौलागाई तृतिय भएका थिए ।

त्यस्तै जिल्ला बाल सञ्जालले आयोजना गरेको चिठी लेखन अभियानमा गुम्बाकी सरीता तामाङ प्रथम, सूर्योदय आधारभूत विद्यालयकी ममिता माझी द्वितीय र चोकटीकी कुसुम गुरूङ तृतीय र चोकटीकै अम्बिका नगरकोटी सान्त्वना भएका थिए ।

उत्कृष्ट विद्यार्थीहरूलाई प्रमुख जिल्ला अधिकारी अन्तरबहादुर सिलवालले पुरस्कार वितरण गरेका थिए ।